मार्मा गाउँपालिकाको

# आ.ब २०८०/०८१ को नीति तथा कार्यक्रम
# २०८०

जमन सिंह धामी
अध्यक्ष
मार्मा गाउँपालिका लटिनाथ, दार्चुला
सुदूरपश्चिम प्रदेश
नेपाल

## निति तथा कार्यक्रम २०८०/०८१

यस तेहौं गाउँसभाको निति तथा कार्यक्रम सार्बजनिकिकरण सत्रमा उपस्थित मार्मा गाउँपालिका उपाध्यक्षज्यू, मार्मा गाउँपालिकाका ६ वटै वडाका वडा अध्यक्षज्यूहरु, गाउँ कार्यपालिका सदस्यज्यू हरु, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँसभाका सदस्यज्यूहरु, सुरक्षा निकायका प्रमुखज्यू, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, भूतपूर्व जनप्रतिनिधिज्यूहरु बिभिन्न संघ सस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, सल्लाहकार, संचारकर्मी, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण मार्माबासि आदरणीय आमा-बुवा,दाजुभाई तथा दिदि-बहिनीहरु

यस मार्मागाउँपालिकाको आ.व २०८०/०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाउदा म गौरवान्वित भएको छु । स्थानीय सरकार नेपाली जनताको त्याग बलिदान र लामो संघर्षको उपलब्धि हो । बलिदानीपूर्ण संघर्षबाट प्राप्त र ऐतिहासिक संबिधानसभाबाट जारी भएको नेपालको संबिधान अनुसार स्थापित स्थानीय तहहरुको अधिकारहरुलाई अभ्यास गर्ने अभियान अगाडी बढिरहेको छ । यस अवसरमा गणतन्त्र प्राप्तिका लागि जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनका क्रममा आफ्नो अमुल्य जीवन बलिदान दिनु हुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरु प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु साथै बिभिन्न आन्दोलनका क्रममा घाइते बेपत्ता  नागरिक प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु । राजनीतिक ,सामाजिक परिवर्तनका नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आभार प्रकट गर्दछु ।

हामी एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुकका नागरिक हौ । प्राकृतिक भू-बनोट र आर्थिक पछौटेपनको कारणले हाम्रो बर्तमान परिबेश जटिल एवं चुनौतिपूर्ण भएतापनि भविष्य उज्वल र सम्भावनायुक्त छ । नेपालमा संघिय लोकतन्त्र सहितको गणतन्त्रात्मक शासन प्रणाली स्थापनार्थ बिभिन्न कालखण्डमा नेपाली जनताले गरेको त्यागले सिर्जित बर्तमान अवसरलाई आर्थिक, सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गरि जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेकै चुनौतीका बिच पनि निरन्तर आर्थिक बिकास गर्ने हो । आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माण गर्ने स्वच्छ प्रतिस्प्रधात्मक अर्थ व्यवस्था हाम्रो प्रस्थान बिन्दु हो । समाजबाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तब्य हो । परिवर्तनलाई सस्थागत गरि बिकास र आर्थिक सम्बृद्धि आत्मसाथ गर्ने बर्तमान परिवेक्षमा प्रत्यक्ष र परोक्ष रुपमा कुशल भूमिका निर्वाह गर्नुहुने सम्पूर्ण मार्मा गाउँपालिकाबासी र सबै सुवेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

मार्मा गाउँपालिका लोकतन्त्रका आधारभूत मूल्यमान्यता, मानबअधिकार, सामाजिक न्याय, सहकार्य-सहअस्तित्व र समन्वयको सिद्वान्तलाइ आत्मसाथ गर्दै विधिको शासन प्रति पूर्ण प्रतिबद्ध छ । लोकतन्त्रको अभ्यास संगसंगै शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सम्पूर्ण मार्माबासि आमजनसमुदायले गर्न सकुन भन्नेमा मा अत्यन्त सचेत छु ।

गाउँपालिकाको भौगोलीक, सामाजिक, आर्थिक बिबिधता तथा सास्कृतिक एकतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक बिकासको बाटोमा अघि बढ्न योजनाबद्ध र प्राथमिकताको आधारमा बिकास निर्माणका कामहरु हुनुपर्दछ भन्नेमा गाउपालिका प्रतिबद्ध छ । **आगामी आ.व.०८०/०८१को बजेटको मूल मार्गदर्शन पालिका गौरवका आयोजना तथा क्रमागत आयोजनाहरुलाई पूर्णता दिने दिशामा केन्द्रित रहने छ |**

नेपालको संबिधानको अधिनमा रही स्थापित मार्मा गाउँपालिका एक पृथक पहिचान बोकेको गाउँपालिका हो ।यस स्थानीय सरकारकारलाई सार्थक, समृद्ध र सक्षम एवंम सफलिभुत बनाउन आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस सम्मानित सभा समक्ष उपस्थित भएको छु ।

**उपस्थित महानुभावहरु,**

मार्मा गाउँपालिकाको तेहौं गाउँसभामा यस गाउँपालिकाको **"जलस्रोत, जडीबुटी एवंम् पर्यटन पूर्वाधारको बिकास, समग्र मार्मा गाउँपालिकाको समृद्धि र विकासमा हाम्रो प्रयास"** सहितको दीर्घकालीन सोचमा आधारित निति तथा कार्यक्रम क्षेत्रगत रुपमा यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## विद्धमान परिवेशः

बिश्वब्यापी रुपमा फैलिएको कोभिड-१९को महामारीबाट थलिएर माथि उठ्न लागेको अर्थ तन्त्र पुनः युक्रेन युद्ध र सो बाट बिश्व आर्थिक शृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पर्दा स्थानिय तहले संघीय सरकारबाट प्राप्त गर्नु पर्ने वित्तीय हस्तान्तरणमा समेत नकारात्मक असर पुगेको छ | मानिस हरु विदेशिने क्रम निरन्तर चली रहेको छ | गाउँ बस्तीमा रहेका समुदायको पनि आन्तरिक बसाइ सराइले गर्दा जमिन बाझो रहने क्रम जारि छ | यसै सन्दर्भमा बसाइ सराइको समश्या समाधान गर्नु हाम्रो सामु चुनौती आएको छ | बिश्वब्यापी आर्थिकमन्दीले शृजना गरेको चुनौतीका कारण हामीले आर्थिक पुनर्उत्थानशिल क्रियाकलापहरुमा जोड दिनु पर्ने अवस्था सृजना भएको छ | बिगत केहि महिना देखि महामारीको रुपमा पशु चौपायाहरुमा फैलिई रहेको **लम्पी स्किन** रोगले किसानहरुको मुख्य आम्दानीको श्रोतको रुपमा रहेको पशुजन्य उत्पादनमा कमि ल्याउनुका साथै हाल सम्म ठुलो संख्यामा पशु चौपायाको क्षति भइ सकेको छ र अझै रोग नियन्त्रणमा आउन सकेको छैन | यसको नियन्त्रणको लागि संघीय सरकार, प्रदेश सरकारसंग निरन्तर समन्वय गरिएको छ | साथै रोग नियन्त्रणका लागि पालिकाको निरन्तर प्रयास रही आएको छ | पालिकाले यस रोगको निदान गर्नु अहिले प्रमुख चुनौतीको रुपमा रहेको छ | अहिले जनमानसमा देखिएको राज्य संचालन गर्ने पार्टीहरु प्रतिको बिश्वाश घट्दो क्रममा रहदा शुसाशनमा जोड दिनु पर्ने छ |

## बिकाश र समृद्धिको लक्ष प्राप्तिका लागि अवसरः

- राज्य संघियतामा जादै गर्दा संविधानले स्थानीय तह लाइ २२ वटा एकल अधिकार सहितको बिबिध साझा अधिकार किटान हुनु ।
- स्थानीय तहले आफैले बिभिन्न ऐन कानुन नीति निर्माण गर्न पाउनु र निर्माण गरि रहेको ।
- बिकाश निर्माणका लागि बजेट तथा कार्यक्रम आफै निर्माण गर्न पाउनु ।
- पालिका भित्र भौगोलिक तथा सांस्कृतिक बिबिधता भएको ।
- वडा तथा बस्तिहरुमा यातायात तथा संचारको पहुँच बिस्तार ।
- यातायातको पहुँचले गर्दा समुदायमा उत्पादित कृषिजन्य तथा आर्थिक आम्दानि हुने बस्तु बजारसम्म निर्यात गर्न सहज ।
- स्थानीय श्रोत साधनको उपलब्धता ।

## बिकाश र समृद्धिको लक्ष प्राप्तिका लागि चुनौतीहरुः

- रोजगारउन्मुख सिपमुलक शिक्षा तथा तालिमको बिकाश गर्न नसक्नु ।
- उत्पादित बस्तु तथा बजारको व्यवस्थापन ।
- सबै बस्तीमा सडक यातायातको पहुँच नपुग्नु ।
- युवा जनशक्तिलाई व्यवसायीकरण तर्फ आकर्षित गर्न नसक्नु ।
- निर्माण सम्पन्न भएका पुर्बाधारको नियमित मर्मतमा जनासभागिताको कमि हुनु ।
- संचार सेवा प्रभावकारी हुन नसक्नु । जसले गर्दा सुचना सम्प्रेशणमा कमि ।
- अव्यवस्थित बसोबास ।
- स्थानीय उत्पादित बस्तुले किसानको माग अनुसार मुल्य नपाउनु ।
- बिद्युत सेवा सबै बस्तीमा नपुग्नु तथा नियमित नहुनु ।
- प्राकृतिक विपद तथा मनसुन समयमा जनधनको क्षति ।
- सार्बजनिक पूर्वाधार निर्माण गर्दा श्रोत तथा जमिनमा आउने विवाद ।
- दक्ष जनशक्तिको अभाव ।
- चेतनास्तरको अभाव ।

## निति तथा कार्यक्रम तर्जुमाका आधारहरुः

आर्थिक बर्ष ०८०/०८१ का निति तथा कार्यक्रम तर्जुमा गर्दा देहायका कानुनी आधारमा रही निति तथा कार्यक्रम तयार पारिएको छ ।

- नेपालको संबिधान २०७२ ले स्थानीय शासन सम्बन्धि उल्लेख गरेको नितिगत व्यवस्था ।
- स्थानीय सरकार सन्चालन ऐन २०७४ ले स्थानीय तहले आवधिक, बार्षिक तथा रणनितिक योजना बनाइ लागु गर्न सक्ने सम्बन्धि व्यवस्था ।
- नेपाल सरकारको पन्ध्रौ योजना, दिगो बिकाश लक्ष २०३० को मार्गचित्र तथा सुदुर पश्चिम प्रदेश सरकारको प्रथम पन्चबर्षिय योजना ।
- संघिय सरकार तथा प्रदेश सरकारले तयार पारेका निति तथा कार्यक्रम ।
- गाउँपालिकाले तयार पारि कार्यान्वयन गरेका नीतिगत व्यवस्था ।
- गाउँपालिकाको बिकाश गुरु योजना ।

## चालु आ.व.को हाल सम्मका प्रमुख उपलब्धिहरुको संक्षिप्त बिवरणः

### भौतिक पुर्वाधार बिकाश तर्फः

- सडक यातायात तर्फ मार्मा गाउँपालिकामा संघ,प्रदेश र पालिकाको समन्वयमा पालिकाभित्र संचालनमा रहेका पारिबगड घोल्जर परमचुला सडक, लटिनाथ, सारसी बजानी दुनि सडक, तपोवन मुरैं निम्ठा सडकको हाल सम्म ३१ किलोमिटर ट्रेक खोल्ने कार्य भएको छ । जस मध्ये चालु आ.वा.मा १० किलोमिटर सडकको ट्रेक खोल्ने तथा स्तरोन्नति गर्ने कार्य भएको छ । साथै बिटुले पारिबगड सडक खण्ड कालो पत्रे गर्ने कार्य निरन्तर चली रहेको छ
- सबै बस्तीहरुलाई जोड्ने पदमार्ग छोटो सहज बनाउन चालु आ.व.मा सम्पन्न हुने गरि २ वटा झोलुंगे पुल निर्माण कार्य संचालनमा रहेका छन भने १२ कि.मि. बाटो सोलिंग र ४ कि.मि. बाटो PCC गर्ने कार्य गरिएको छ ।
- संघ,प्रदेश र पालिकाको समन्वयमा घट्टे गाड खोला र नौगाड खोलामा निर्माणाधीन रहेका मोटरेबल पुल चालु आ.व.मै निर्माण सम्पन्न गरि संचालनमा ल्याउने तयारि गरिएको छ ।
- संघीय सरकारसंगको समन्वयमा चमेलिया नदीमा वडा नं.३ र वडा ६ जोड्ने भैसे बस्ति र वडा नं.२ र वडा नं.४ जोड्ने तपोवनमा पक्कि मोटरेबल पुल निर्माण कार्यको ठेक्का सम्झौता गर्ने कार्य सम्पन्न भएको छ ।

- खानेपानी तथा सरसफाई क्षेत्रमा रहेका समस्या सामाधान गर्न पालिका स्तरमा रहेको खानेपानी तथा स्वच्छता इकाई (वास युनिट) शाखाद्वारा मार्मा गाउँपालिका भित्र एक घर एक पानि धारा, एक घरबारी, एक फोहर फाल्ने खाल्डो निर्माण लक्ष अनुसार चालु. आ.व.मा पनि संघ, प्रदेश, पालिकाको समन्वयमा बिभिन्न बस्तीमा खानेपानी तथा सरसफाइका योजना सम्पन्न गरिएका छन |
- स्वास्थ्य तर्फ रहेको समस्या समाधान तथा स्वास्थ्यमा पहुँच वृद्धि गर्न लटिनाथ स्वास्थ्य चौकीमा १० शैय्या र वडा नं.५ को मुर्रैमा सुबिधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माणाधीन अवस्थामा रहेका छन भने बिकट बस्तिहरुमा प्राथमिक सेवा गाउमै उपलब्ध गराउन जन्नी गाउँ, दह र तोलिमांडूमा सामुदायिक स्वास्थ्य इकाई भवन निर्माण कार्य संचालनमा रहेका छन |
- कार्यालय संचालनका लागि पालिका गौरवको आयोजनाको रुपमा रहेको गाउँपालिका प्रशासकीय भवनको निर्माण कार्य चालु आर्थिक बर्षमै सम्पन्न गर्ने गरि निर्माण कार्य तिब्र गतिमा अगाडी बढाइएको छ भने चालु आ.व.मै वडा नं.५ को वडा कार्यालय भवन निर्माण सम्पन्न गरि सेवा संचालनमा ल्याइएको छ |
- मार्मा गाउँ पालिका भित्र संघ प्रदेश र पालिकाको समन्वयमा पक्कि सिचाई नहर तथा कुलो निर्माण गरि सिचाई सुबिधा उपलब्ध गराउदै आएकोमा यस आ.व.मा पनि सिचाईमा सुबिधामा पहुँच वृद्धि गर्न सिचाई निर्माण गरि किसानको आम्दानीमा वृद्धि गरिदै लागिएको छ | किसानको खाध्य सुरक्षामा पहुंच वृद्धि हुने छ भने जीवनस्तरमा सुधार हुने छ |
- मार्मा गाउँपालिका भित्र रहेका बिध्यालयहरुमा पठन पाठनमा सहयोग पुग्ने गरि चालु. आ.व.मा १०वटा बिद्यालयमा नया बिद्यालय भवन निर्माण गरिएका छन भने ३ वटा बिध्यालयहरुमा सुचना प्रविधिमा पहुँच पुगाउन तथा प्रबिधि संगै नया पुस्तालाई पनि जोड्न बिद्यालय हरुमा ICT सामाग्री लगायत दुर्गेश्वारी मा.बि. घोल्जरमा बिज्ञान प्रयोगशाला तथा दुर्गा आ.बि. च्युरानिमा पुस्तकालयको व्यवस्थापन गरिएको छ |
- लटिनाथ खेल मैदानको स्तरोन्नति गरि पालिका स्तरीय रास्ट्रपति खेलकुद कार्यक्रम र अन्य बिभिन्न खेलकुद क्रियाकलापहरु संचालन गरिएका छन |
- उज्यालो मार्मा अभियान अन्तर्गत बिद्युत प्राधिकरणसंगको समन्वयमा मार्मा गाउँपालिकाको वडा नं.१, २, ३, ४ ,५ ६ का केहि बस्तिहरुमा रास्ट्रिय प्रशारण लाइन जडान गरि बिद्युत सेवा बिस्तार गरिनुको साथै पालिका भित्र रहेका लघु जलबिध्युत आयोजनाहरुको मर्मत सम्भार गरि संचालनमा ल्याउने कार्य गरिएको छ |
- लटिनाथ पर्यटकीय पूर्वाधार कार्यक्रम अन्तर्गत लटिनाथ मन्दिर छत निर्माण कार्य संचालनमा रहेको, मन्दिर परिसरमा सोलार बत्ति जडान, मन्दिर परिक्रमा गर्न बाटो निर्माण गर्ने कार्य गरिएको छ भने गुल्जर पर्यटकीय बिकाश कार्यक्रम अन्तर्गत पदमार्ग निर्माण कार्य निरन्तर चली रहेको छ |

## सामाजिक बिकाश तर्फः

- स्तरउन्नति स्वास्थ्य चौकी लटिनाथबाट हाल प्रदान गर्दै आएको चिकित्सकिय सेवालाई प्रभावकारी बनाइ प्रयोगशाला ,एक्सरे ,अल्ट्रासाउण्ड ,डेन्टल लगायका सेवाहरुलाइ सुदृधिकरण गरिनुका साथै पालिकाको ६ वटै वडाका दुर्गम बस्ति हरुमा बिशेसज्ञ सहितको घुम्ती सेवा संचालन गरिएको छ ।
- स्वास्थ्य चौकी तथा सामुदायिक इकाईहरुबाट प्रदान गरिदै आएका सेवाहरुलाई व्यवस्थापन तथा सुदृधिकरण गर्दै लगिएको छ भने वडा नं.३ को रिल र वडा नं.२ को थलामा सामुदायिक स्वास्थ्य इकाई थप गरि संचालनमा ल्याइएको छ ।
- मार्माको मौलिक लोक सस्कृति, परम्परा, भेषभुसा आदि झल्कने सामाग्री संकलन गर्ने गरि चालु आ.व.मै सम्पन्न गर्ने गरि मार्मा गाउँ पालिका वडा नं. १ को घोल्जरमा संग्रहालय निर्माण कार्य निरन्तर चलिरहेको रहेको छ ।
- **शैक्षिक सुधार कार्यक्रम** अन्तर्गत गाउँपालिका भित्र संचालित विद्यालय हरुमा विद्यार्थी को अनुपातमा बिषय शिक्षकको व्यवस्थापन निरन्तर अगाडी बढाइएको छ साथै निजि श्रोतबाट कक्षा १ देखि कक्षा १२ सम्म संचालित बिद्यालयहरुलाइ दिदै आएको अनुदान प्रदान गरिएको छ ।
- बजार अनुगमनलाई निरन्तरता दिई प्रभावकारिता बनाइएको छ ।

## आर्थिक बिकाश तर्फ भएका उपलब्धि

- मार्मा गाउँ पालिकाले चालु आ.व.मा पशु सेवा अन्तर्गत गाउँ पालिकालाई दुग्धमा आत्मनिर्भर बनाउन ५ वटा जर्सी गाइ र २ वटा घाँस काट्ने मेसिन वितरण गरिएका छन, रैथाने कुखुरापालन गर्न ५ वटा खोर निर्माण गरिएका छन भने कृषि तर्फ १८०० वटा ओखरका बिरुवा, १० क्विन्टल गहुँ, १० क्विन्टल धान, ४ क्विन्टल मकै को बिउ (५ वटा कृषक समुह, ८ जना किसान) लाइ वितरण गरिएको छ , आयार्जनमा वृद्धि गर्न (१४०० घरधुरीलाई )२ पटक उन्नत तरकारीको बिउ, ३० क्विन्टल आलुको बिउ (२११ कृषक, तथा १९ कृषक समुह) मा वितरण गरिएको छ । साना सिचाई अन्तर्गत २ वटा सिचाई पोखरी निर्माण गरिएका छन ।
- अध्यक्ष स्वरोजगार र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १२९१ जनाले रोजगारी पाएका छन भने चालु आर्थिक बर्षमा १४१ जनाले प्रत्यक्ष रोजगारी पाएका छन ।
- मार्मा गाउँपालिका सहकारी अन्तरगत रहेको प्रसोधन केन्द्र मार्फत च्यूउरी प्रशोधन गरि साबुन उत्पादन तथा बिक्रि बितरण ब्यबसाय मार्फत रोजगारी शृजना छ ।

## बन, वातावरण, जलवायु परिवर्तन तथा विपद व्यवस्थापन तर्फ भएका उपलब्धि

- बन वातावरण सम्बन्धमा २४ वटा सामुदायिक बन समूहको नियमित अध्यावधिक बैज्ञानिक बन व्यवस्थापन गरि बन डढेलोबाट हुन आउने विपदको रोकथाम गरिएको छ
- बन जंगलको सुपरिबेक्षण तथा बन्य जन्तुको संरक्षण भएको छ, काठ, दाउरा र जलवायु अनुकुलनमा सहयोग पुगेको छ
- विपद व्यवस्थापन अन्तर्गत मार्मा गाउँपालिका वडा नं. ४ धारी ,बच्कोट ,मर्मीति टोलमा पुनर्स्थापना कार्यक्रम अन्तर्गत ६ वटा आवासगृह हरु निर्माण कार्य सम्पन्न अन्तिम चरणमा रहेका छन भने थप ४ वटा आवास गृह भवन निर्माण प्रक्रियामा रहेका छन ।

## सुशासन तथा संस्थागत बिकाश तर्फः

- सुशासन तथा संस्थागत बिकाश अन्तर्गत मार्मा गाउँपालिकाले हाल सम्म ५५ वटा ऐन, कानुन तथा कार्यविधि तयार पारि लागु गरिएको छ ।
- गाउँपालिकाको पार्श्व चित्र निर्माण गर्ने कार्य सम्पन्न गरिएको छ
- राजश्व सुधार कार्य योजना बनाइँ राजश्व परिचालन गर्न सहज भएको छ ।
- सार्बजनिक सम्पत्तिको सुरक्षण, बिकाश निर्माणमा सहयोग पुगेको छ ।
- गत आ.व.मा स्थानीय तह संस्थागत क्षमता तथा स्वमुल्यांकनमा गत बर्षको तुलनामा उल्लेख्यनिय अंक प्राप्त भएको छ ।
- पालिका मार्फत प्रदान गरिने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन दरबन्दी अनुसारको कर्मचारीको आपूर्ति गर्न सम्बन्धित निकायमा पहल गरिएको छ ।
- सामाजिक न्याय, सामाजिक सुरक्षा र सुशासन प्रतिबेदन तयार पारि कार्यन्वयनमा ल्याइएको छ ।
- गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत बीच र प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख बीच कार्य योजना सम्झौता गरि गाउँपालिकाबाट दिइने सेवा छिटो र छरितो बनाइएको छ ।
- आर्थिक अनुशासन तथा पारदर्शीता कायम गरि सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलाप हरुको सामाजिक परिक्षण ,सार्बजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिएको छ ।
- लेखा परिक्षण मार्फत शुन्य बेरुजु, भ्रष्टाचारमा शुन्य सहनशीलता कायम गर्ने कार्य संचालनमा ल्याइएको छ ।

**आगामी आ.व. २०८०/०८१ को प्रमुख नितिः**

## पूर्वाधार बिकास तर्फः

- निर्माण हुन बाकि रहेका रहेका स्वास्थ्य चौकी भवन र स्वास्थ्य इकाई भवन हरु २ बर्ष भित्र मा निर्माण सम्पन्न गर्ने गरि कार्य अगाडी बढाइएको छ ।
- पालिका स्तरीय सभागृह को निर्माणको लागि कार्य पहल गरिने छ ।
- पालिका क्षेत्र भित्र निर्माण हुने भवन हरुमा भवन संहिता पूर्ण रुपमा कार्यान्वयन मा ल्याइनेछ ।
- पालिका स्तरीय बसपार्कको अध्ययन गरि संघीय सरकार, प्रदेश सरकार संग पहल गरि निर्माण कार्य कार्यान्वयनमा ल्याइने छ ।
- चालु आ.व देखि पालिका क्षेत्र भित्र बनिसकेका घर हरु अनिवार्य रुपमा पालिकामा अभीलेखिकरण गर्ने तथा नया बन्ने घर हरु अनिवार्य नक्सा पास गराई बनाउनु पर्ने नीति लिईएको छ ।

## संचार

संचार सुबिधाबाट बन्चित बस्तीहरु को समस्या सामाधान गर्न १ बर्ष भित्र टेलिफोन टावर निर्माण गर्न पहल गरिने छ साथै हरसैन पन्दौठामा जडान भएको १८०० MHZ को डिवाइस नेपाल टेलिकम संग समन्वय संचालनमा ल्याइने छ |

## विद्युतीकरण

- विद्युतीकरण हुन बाकी रहेका बस्ति हरुमा २ वर्ष भित्र बिजुलीबत्ती जडान गर्ने गरि निर्माण कार्य अगाडी बढाईनेछ ।
- मार्माका ब्यापारिक केन्द्र बिन्दु मानिएका मुख्य बजार सडक छेउ, पर्यटकीय स्थल हरुमा सोलार बत्तीको ब्यबस्था गरिने छ।
- मार्मा गाउँपालिका मा सम्भाब्यता अध्ययन भइ निर्माणाधीन अवस्थामा रहेका बिधुत योजना हरुलाई सम्पन्न गर्न पहल गरिनेछ साथै थप सम्भाव्यता भएका जलबिद्युत आयोजना निजि क्षेत्र र सरकारी निकाय संग समन्वय गरि कार्यान्वयन मा ल्याइनेछ ।
- हाल संचालनमा रहेका लघु जलबिधुत आयोजनाहरुलाई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने प्रयास गरिनेछ।

## सडक तथा पुल

- कालोपत्रेको लागि कार्यान्वयन को चरणमा रहेको बिटुले- पारिबगड सडक खण्ड एक  बर्ष भित्र निर्माण सम्पन्न गर्न आवस्यक समन्वय सहित पहल गरिनेछ ।
- सडक संजाल बाट जोडिन बाकि रहेका वडा सदरमुकाम हरु एक  बर्ष भित्र जोड्ने गरि निर्माण प्रक्रिया अगाडी बढाइनेछ साथै  सडक संजाल गुरुयोजना निर्माणका लागि पहल गरिने छ |
- निर्माणाधीन तपोवन - मुरै- निम्ठा सडक , लटिनाथ -सार्सि-बजानी हुदै बैतडी जोड्ने सडक ,पारीबगड - गुल्जर -परमचुली सडक लाइ कार्यान्वयनमा तिब्रता  दिइनेछ।
- शेरी सिरोली पत्थरकाँडा सडक निर्माण कार्यान्वयनमा ल्याउन  पहल गरिने छ |
- पारिबगड वाथी सडक निर्माण कार्य कार्यान्वयनमा ल्याउन पहल गरिने छ |
- ठेक्का प्रक्रिया भइ कार्यान्वयन को चरणमा रहेको भैशे-शेरी ,सीमार पर्पडा जोड्ने मोटेरेवल पुल को२ बर्ष भित्र निर्माण सम्पन्न गर्न आवस्यक समन्वय सहित पहल गरिनेछ ।
- शेरी- मर्मति- तपोवन सडक ,पर्पडा-बार्कु सडक, सार्सी-मटेला सडक, च्युरानी-खोटयाडेरा-बग्जेवाला —दुनि सडक,पारिबगड-वाथी-तोलिमान्डु सडकको निर्माण कार्य अगाडी बढाउन संघीय सरकार र प्रदेश सरकार संग समन्वय गरि कार्यान्वयनमा ल्याइनेछ।
- चमेलिया नदीमा मर्मति देखि लटिनाथ जोड्ने मोटरेवल पुलको लागि संघ सरकारसंग  पहल गरिनेछ ।
- २ वर्ष भित्र मार्मा गाउपालिका क्षेत्र भित्र रहेका  कच्ची पदमार्ग हरुलाई  पक्कि पदमार्ग को रुपमा स्तरउन्नति गरिनेछ।
- सबै बस्ति हरुलाई जोड्ने पदमार्ग छोटो सहज बनाउन २ बर्ष भित्र सक्ने गरि  झोलंगे पुल निर्माण कार्य अगाडी बढाइनेछ।

## शिक्षा तर्फः

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई प्रदान गरेको शिक्षा सम्बन्धि एकल तथा संयुक्त अधिकार र नेपाल सरकारले शिक्षा सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रि मञ्च, सम्मेलन, सन्धि सम्झौता तथा घोषणा पत्रमा जनाएको प्रतिवद्धतालाई पुर्ण रूपमा कार्यान्वयन गर्न देहाय बमोजिमका नितिहरू अवलम्बन गरिनेछ।

- मार्मा गाउँपालिका भित्र रहेका सम्पुर्ण बालबालिकालाई प्रारम्भिक बाल शिक्षाको अवसर उपलब्ध गराउन बाल बिकास केन्द्र नभएका विद्यालयहरूमा र विद्यालयबाट टाढा रहेका प्रारम्भिक बाल शिक्षा हासिल गर्ने उमेर समुहका बालबालिकालाई आवतजावत गर्न कठिनाई रहेका गाउँ बस्तीहरूमा बाल विकास केन्द्रको स्थापना गरिनेछ। प्रारम्भिक बाल कक्षालाई बालमैत्री, आकर्षक र शैक्षिक सामग्रीले सजिसजावट बनाइनेछ। प्रत्येक बाल विकास केन्द्रमा श्रव्य दृश्य सामग्रीको व्यवस्था क्रमश गर्दै लगिनेछ।
- राष्ट्रिय जनगणना २०७८ अनुसार मार्मा गाउँपालिकाको साक्षरता दर ७० प्रतिशत मात्र रहेकाले आम मार्मा गाउँपालिका बासि जनसमुदायलाई साक्षर बनाउन अनौपचारीक शैक्षिक कार्यक्रम, निरन्तर

शिक्षालाई गाउँ/बस्तीहरूमा सञ्चालनका लागि पहल गरिनेछ साथै सामुदायिक सिकाई केन्द्रलाई व्यवस्थित र क्रियाशिल बनाईनेछ।

- विद्यालय नक्साङ्कनका आधारमा मात्र र आवश्यक भएको बस्तीमा थप विद्यालय खोल्ने अनुमति दिने निति लिइनेछ।
- शैक्षिक गुणस्तर सुधारका लागि लामो समयसम्म एउटै विद्यालयमा शिक्षण गरेका शिक्षकहरूलाई निश्चित मापदण्ड बनाई उनीहरूलाई पिरमार्का नपर्ने गरी आवश्यकतानुसार दरबन्दी मिलान गरिनेछ।
- भौतिक पुर्वाधार पनि शैक्षिक गुणस्तर सुधारको एउटा महत्त्वपुर्ण पक्ष भएको हुँदा क्रमश प्रत्येक विद्यालयमा आवस्यकताका आधारमा भवन, कक्षाकोठा, शौचालय, खानेपानी, फर्निचर, सुचना प्रबिधि सामाग्रीको व्यवस्था गर्दै लगिने छ ।
- **शैक्षिक सुधार कार्यक्रम** अन्तर्गत गाउँपालिका भित्र संचालित विद्यालय हरुमा विद्यार्थी को अनुपातमा बिषय शिक्षकको व्यवस्थापन निरन्तर अगाडी बढाइएको छ साथै कक्षा १ देखि कक्षा १२ सम्म संचालित बिद्यालय र लटिनाथ क्याम्पस दिइदै आएको अनुदानलाइ निरन्तरता दिइने छ |
- "स्वास्थ्य नै धन हो" भनाइलाइ हृदयगम गरी प्रत्येक विद्यालयमा घुम्ती नर्सिङ सेवा सञ्चालन गरिनेछ।
- विद्यालयको वतावरणलाइ स्वच्छ र हराभरा बनाउन हरियो विद्यालय कार्यक्रम लागु गरिनेछ।
- विद्यालयमा दिवा खाजा कार्यक्रम सञ्चालन गर्दा विद्यालयले भोग्नु परेको समस्यालाई मध्यनजर गरी भान्से र ईन्धनको व्यवस्थाका लागि संघीय तथा प्रदेश सरकारसंग पहल गरिनेछ।
- बालबालिकाको शैक्षिक पहुँच वृद्धि गर्ने उनीहरूलाइ विद्यालयमा टिकाइ राख्न कमजोर आर्थिक अवस्था भएका घरका बालबालिका, द्वन्द पिडित, दलित, असाहय बालबालिका, जेहेन्दार विद्यार्थी र सहिद परिवारका बालबालिकालाई छात्रवृत्ति दिने नीति लाइ निरन्तरता दिइने छ |
- बालबालिकामा अन्तरनिहित प्रतिभाको पहिचान गरी विकास गर्नको लागि वडा र पालिका स्तरमा विविध प्रतियोगितात्मक शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ। उत्कृष्ट बालबालिकाहरूलाई प्रोत्साहन स्वरूप पुरस्कारको व्यवस्थालाई निरन्तरता दिइने छ ।
- स्थानीय उपजमा आधारित बिद्यालय दिवा खाजा कार्यक्रमलाइ निरन्तरता दिईने छ |
- स्थानीय उपजमा आधारित बिद्यालय दिवा खाजालाई सहयोग पुग्ने र आय आर्जनका लागि बिद्यालय बगैचा स्थापना तथा प्रदर्शनी कार्यक्रम, क्षमता बिकाश कार्यक्रम WFP/सप्रोस नेपाल र कृषि ज्ञान केन्द्र संगको साझेदारीमा संचालन गर्न पहल गरिने छ |
- बिद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई निरन्तरता दिइने छ साथै बिद्यालयमा खानेपानी तथा सरसफ़ाइमा बिशेस ध्यान दिइने छ |
- १० बर्षे जनयुद्धका घाइतेहरुलाई दिइदै आएको प्रत्साहनलाइ निरन्तरता दिइएको छ |
- चिकित्सा शास्त्रमा उच्च शिक्षा हासिल गर्न प्रदान गरिने एम.बि.बि. एस. छात्रवृत्तिलाइ निरन्तरता दिइने छ |

**युवा तथा खेलकुद तर्फः**

- खेलकुदको बिकाश गर्न बिभिन्न खेल हरुका लागि मड बागड खेलकुद मैदान, लटिनाथ खेलकुद मैदान लगायत खेलकुद पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइने छ |
- युवा बेरोजगारी न्यूनीकरणका लागि सरकारी, गैर सरकारी संघ संस्थाहरु संग समन्वय सहकार्यमा सिप तथा उध्यमशिलाताका कार्यक्रम संचालन गर्न प्रोत्साहन गरिने छ |

## कृषि तथा पशुपंक्षी तर्फः

- **रैथानेबालीमा गर्व गरौं** भन्ने नाराका साथ परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने बालिकों बिऊँ संरक्षण गरी खेती विस्तार गरीनेछ। स्थानीय आलू, कोदो, राजमा जस्ता रैथानेबालिहारू उत्पादन र बजारिकरणका लागि प्रोत्साहन गरीनेछ ।
- खाध्यन्न बालीमा आत्मनिर्भर बनाउने हेतुले पालिका भित्रका किसान हरुलाई समयमा नै गुणस्तरीय र उन्नत जातको बिउ उपलब्ध गराउने प्रयास रहने छ । साथै बालीमा देखिने सबै किसिमको समस्याको निराकरण गर्न कृषी शाखाको भूमिका प्रभावकारी बनाइने छ |
- पालिका भित्र रहेका सम्पूर्ण फलफूल बगैंचा ब्यबस्थापन गरीनेछ, अमिलो जातका बिरुवा रोपण गरि नमूना गाउँ को बिस्तार गरीनेछ, ओखर खेती नमूना गाउँको बिस्तार गरिनेछ, हिउँदे र बर्षे फलफुलका बोटबिरुवाहरु बितरण कार्यलाइ निरन्तरता दिइने छ |
- प्लास्टिक घर निर्माणलाई प्राथमिकता दिइ मैसमी र बेमौसमी तरकारी उत्पादनमा जोड़ दिइनेछ ।
- तरकारी तथा फलफूल वोटको सिंचाइको निम्ति आवश्यकता भएको ठाउँमा साना सिचाई अन्तर्गत सिचाई टयांकी निर्माण, पाइप वितरण तथा थोपा सिंचाई तथा सोयल सिमेन्ट टयांकीको ब्यवस्थापन गर्न पहल गरिने छ ।
- ठाउ अनुसार उत्पादन गर्न तथा उत्पादन वृद्धि गर्न खाध्यन्न, तरकारी तथा फलफूलमा आत्मनिर्भरता ल्याउने हेतुले पालिका भित्रकोरहेको सबै वडाको माटो परीक्षणका लागि पहल गरिने छ जस्मा NPK, Micronutrient (एन.पी.के. माइक्रो न्युट्रिएन्ट) जांच गर्नको लागि आवश्यक उपकरणको व्यवस्थापन गरि दक्ष जनशक्ति मार्फत माटो जांचका लागि पहल गरिने छ |
- स्थानीय महको उच्च माग रहेको र किसानहरुलाई आत्मनिर्भर बनाउने हेतुले संभावना बोकेको क्षेत्र तथा बस्तीमा मौरी पालन व्ययसायलाई निरंतरता दिइने छ |
- कृषिमा आएका नयाँ प्रबिधि र सूचना किसान समक्ष पुगाउने र किसानलाई सधैं कृषि विज्ञहरु संग सक्रिय गराई राख्ने हेतुले सम्पूर्ण वडाहरुमा कृषि संजाल गठन गरीनेछ र त्यसको उचित तरीकाबाट परिचालन गरीनेछ ।
- पालिका भित्र आवश्यकता अनुसार ठाउँ अवलोकन गरी कृषि ज्ञान केंद्र दार्चुलासंगको साझेदारीमा संकलन केंद्र , चिश्यान घर तथा बिउ बैंक निर्माण गरीनेछ ।

- सम्पूर्ण खाध्य ,तरकारी ,फलफूल तथा अन्य बोटविरुवाहरुलाई संरक्षण गर्न स्थानीय समुदायमा झोलमल बनाउने तरिका सिकाइ झोलमल, विसादी, भिटामीन तथा अन्य बाली संरक्षक पालिकाबासी किसानलाई प्रायो गर्न प्रोत्साहित गरिने छ ।
- कृषि उपजको बजारिकरणलाई प्रोत्साहन गर्नको लागि सबैको पायक पर्ने ठाउँमा पालिकाभित्र हप्ताको १ दिन हाटबज़ार संचालन गरीने छ ।
- विद्धमान रुपमा प्रयोग भै रहेको रासायनिक मलको विस्थापनका लागि गोठे तथा कम्पोस्ट मल तयार तथा ब्यबस्थापनमा जोड दिइने छ |
- गाजा खेतीलाई बैधानिकताका लागि संघीय तथा प्रदेश सरकारसंग पहल गरिने छ |
- एक विध्यालय एक करेसाबारी निर्माण कार्यक्रम संचालन गरीनेछ।
- कृषिजन्य बालीहरुको प्राकृतिक प्रकोपबाट हुने क्षतीको राहतका लागि कृषि बालि बिमाका लागि पहल गरिने छ ।
- आयातित वस्तुलाई निरुत्साहित गर्न मासु, दुध र अण्डामा मार्मा गाउँपालिका आत्मनिर्भर बनाउन प्रयास गरिनेछ ।
- पशुपंक्षी तथा मत्स्यपालन व्यवसायलाई सुध्रिढीकरण गरी आय आर्जनमा वृद्धि तथा स्वरोजगार कार्यक्रम संचालन गरिनेछ।
- पशुपंक्षी तथा मत्स्यपालन व्यवसायको लागि पुर्वाधार निर्माण तथा बस्तु भाउ वितरण र व्यवसायिकरण गर्न आवश्यक पहल गरिने छ |
- पशुको नश्ल सुधार गर्न उन्नत तथा बर्णसंकर जातका पशुपंक्षीको भाले मार्मा गाउँपालिकामा आयात गरि उत्पादनमा बृद्धि गरिनेछ।
- पशु स्वास्थ्य तथा परामर्श सेवालाई समायानुकुल गरिनेछ ।
- पशुको पोषण सुधार गरी स्वस्थ पशु स्वच्छ उपभोगको नितिलाई अवलम्बन गरिनेछ |
- लम्पी स्किन रोगको पहिचान तथा निदानको लागि पशु प्राबिधिकहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछन |

## स्वास्थ्य तर्फः

- महामारीको रूपमा फैलिने कोभिड -१९ को प्रतिरक्षात्मक शक्तिको रूपमा संचालन हुदै आइरहेको खोप कार्यक्रममा बिशेष जोड दिदै कोभिड-१९ लगायतका महामारीजन्य रोगहरूको प्रभाव देखिन सक्ने अबस्थालाई मध्यनजर गरि रोकथाम एवं व्यवस्थापन, जनचेतना कार्यक्रमहरूलाई प्रभावकारी रूपमा संचालन गरिने छ साथै नियमित खोप कार्यक्रम सुदृढिकरण गरिनेछ ।
- उपाध्यक्ष सफा आमा स्वस्थ्य शिशु प्रोत्साहन कार्यक्रम मार्फत सुरक्षित मातृत्व तथा परिवार स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाइने छ ।

- मार्मा गाउँपालिकामा रहेका ७ वटै बर्थिङ सेन्टरहरूको व्यवस्थापन, बर्थिङ सेन्टरहरूमा कार्यरत सरसफाई कार्यकर्ताहरूलाई संक्रमण निवारण सम्बन्धि तालिम प्रदान गरि सुरक्षित प्रसुती सेवालाई प्रभावकारी बनाइ यसको उपभोग दरमा बृद्धी गरिने छ ।
- स्तरोन्नती स्वास्थ्य चौकी लटिनाथबाट प्रदान गरिदै आएको चिकित्सकिय सेवालाई निरन्तरता दिइने छ, स्वास्थ्य चौकी लटिनाथमा संचालित औषधि अनुदान कार्यक्रम तथा डेन्टल सेवा सुदृढीकरण गरिने छ साथसाथै मार्मा गाउँपालिकामा निर्माणाधिन १० शैयाको अस्पताल भवन समयमा सम्पन्न गराइ अस्पतालको स्वीकृत दरबन्दी अनुसार कर्मचारी व्यवस्थापनको लागि पहल गरिने छ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाहरूको निःस्वार्थ सेवाको कदर गर्दै मार्मा गाउँपालिका बाट प्रदान गरिदै आएको स्वयं सेविकाहरूको मासिक यातायात प्रोत्साहन खर्च लाई निरन्तरता दिइने छ ।
- गर्भवती महिला र वालवालिकाहरूको पोषण स्थितिको लेखाजोखा गरि कुपोषण व्यवस्थापन गरिने छ । कुपोषण न्यूनीकरण गर्न कार्यक्रम संचालनका लागि सम्बन्धित संघ संस्थाहरुसंग समन्वय गरि पहल गरिने छ।
- अध्यक्ष संग ग्रामिण समुदायमा चिकित्सक कार्यक्रम संचालन गरि प्रत्येक महिना २ वटा स्वास्थ्य संस्थाहरूबाट चिकित्सक मार्फत सेवा प्रदान गरिने छ साथै जेष्ठ नागरिक स्वास्थ्य समस्या लगायत नसर्ने रोगहरूको निदान तथा व्यवस्थापन गरिने छ ।
- मार्मा गाउँपालिका अन्तरगत ५ वटै स्वास्थ्य चौकी र आभारभूत स्वास्थ्य सेवा केन्द्रहरूमा इन्टरनेट सेवा सुदृढिकरण गरि समयमै स्वास्थ्य सूचना संकलन तथा प्रबिष्ट गर्ने कार्यलाई प्रभावकारी बनाइने छ ।
- मार्मा गाउँपालिका अन्तरगतका सबै स्वास्थ्य चौकीहरूबाट सुरक्षित गर्भपतन सेवा संचालन तथा बिस्तारका लागि स्वास्थ्यकर्मिहरूलाई तालिम र औषधिको व्यवस्थापन गरिने छ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फः

- बाल बिवाह न्यूनीकरण गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालनमा ल्याई कार्यान्वयन पक्ष्य मा जोड दिइने छ
- सबै किसिमका शारीरिक तथा मानसिक हिंसा ,दुर्व्यवहार,शोषण,यौन दुर्व्यवहारबाट बालबालिकाहरुलाई संरक्षण गरिने छ
- महिला विकास समुह र संजाललाई सक्रिय बनाउदै महिला माथि हुने सम्पूर्ण हिंसा तथा शोसण जन्य क्रियाकलापको अन्त्य गरि महिला सशक्तिकरण गरिनेछ
- आपंगता हक अधिकार र सुरक्षाको प्रत्याभूति गर्न र लक्षीत कार्यक्रम संचालन गरिने छ ।

## उद्योग तथा पर्यटन तर्फः

- मार्मा गाउँपालिकामा संचालनमा रहेका उद्योगहरुको नियमित अनुगमन ,बजारीकरण तथा संचालित उद्योग हरुमा नियमित प्राबिधिक सहयोग गरिने छ |
- मार्मा गाउँपालिका समृद्ध बनाउन, आत्म निर्भर बनाउन हेतुले उद्योग संचालनका लागि सम्भाव्यता अध्ययन गरिने छ |
- औद्योगिक पूर्वाधार निर्माणकार्यलाई सम्पन्न गरि संचालनमा ल्याउन सम्बन्धित निकायमा पहल गरिने छ |
- चिउरी उद्योग व्यवसायलाइ दर्ता, नबिकरण तथा ब्राण्डीग गरि उत्पादित साबुन बाहिर निर्यात गर्न प्रोत्साहन गरिने छ |
- मार्मा गाउँपालिका वडा नं.४ तपोवन तातोपानी क्षेत्र पर्यटन क्षेत्र बिकाशका लागि पहल गरिने छ |
- रुग्ण उद्योग संचालन गर्न प्रोत्साहन गरिने छ |
- पर्यटन मार्फत आर्थिक वृद्धि हासिल गर्न अपि हिमाल बेस क्याम्प, परम्चुला धाम, घोल्जर पर्यटकीय स्थल, लटिनाथ मन्दिरलाइ आधार मानि मार्मा गाउँपालिका गन्तब्य स्थलको रुपमा ल्याउन पहल रहने छ |

## खानेपानी तथा सरसफाई तर्फः

- हाल सम्म सम्पन्न भएका खानेपानी तथा सरसफाई योजनाहरुको नियमित मर्मत सम्भार तथा संचालनका लागि आवश्यक पहल गरिने छ |
- जल उपयोग गुरु योजना अध्यावधिक गरिने छ |
- बजारबाट निस्किने फोहर व्यवस्थापनका लागि डम्पिंग साइटको अध्ययन गरि कार्यान्वयनमा ल्याइने छ |
- पालिका वाश प्लान अध्यावधिक गरिने छ साथै वाश प्लान अनुसार नै कार्यक्रम संचालन गर्न सम्बन्धित निकायलाई पनि प्रोत्साहित गरिने छ |
- आगामी आर्थिक बर्षमा उक्त कार्यक्रमलाइ निरन्तरता दिदै प्रदेश तथा संघीय सरकारको सहयोगमा मार्मा गाउँपालिकाको वडा नं. ४ मर्मीति र वडा नं. १ को दह बस्तीमा सुद्ध खानेपानी निर्माण योजना संचालनमा ल्याइने छ साथै अन्य खानेपानी योजनाको मर्मत सम्भारमा जोड दिइनेछ|

## भू-उपयोग तर्फः

- भु-उपयोग एन २०७६ तथा भु-उपयोग नियमावली २०७९ बाट निर्देशित जग्गा वर्गिकरण गरी जग्गा जमिनको उपयोग व्यवस्थित गरिने छ।
- मार्मा गाउँपालिका अन्तर्गत रहेका भुमिहिन दलित, भुमिहिन सुकुमवासी तथा अव्यवस्थित बसोबासिको समस्या सामाधान गर्न निजहरुको तथ्यांक संलकन कार्य सम्पन्न भै सकेकोमा चालु आ.व.मै निस्सा वितरण कार्य सम्पन्न गरिने छ भने आगामी आ.व.मा लालपुर्जा प्रासिकालागि पहल गरिने छ ।
- अव्यवस्थित जग्गाको नाप नक्साङकन गरी कृषियोग्य जग्गा बढाउने निति ल्याइने छ ।

## सुशासन तर्फः

- हाल सम्म मार्मा गाउँपालिकामा ५६ वटा ऐन, कानुन, तथा कार्यविधि निर्माण गरि कार्यान्वयनमा रहेका छन भने बनाउन बाकि रहेका ऐन, कानुन, तथा कार्यविधि निर्माण कार्य यथाशिघ्र कार्यान्वयन गरिने छ
- मार्मा गाउँपालिकाको समग्र बिकाशका लागि बिकाश गुरुयोजना निर्माण तथा निर्मित गुरुयोजनाको अध्याधिक गर्ने कार्य अगाडी बढाइने छ ।
- सार्बजनिक खर्चलाई बैज्ञानिक अनुमान योग्य र नतिजामुखी तुल्याउन मध्यमकालीन खर्च संरचना पद्धति प्रयोगमा ल्याइने छ ।
- पालिका मार्फत प्रदान गरिने सेवा छिटो, छरितो र प्रभावकारी बनाउन दरबन्दी अनुसारको कर्मचारीको आपूर्ति गर्न सम्बन्धित निकायमा पहल गरिने छ ।
- मार्मा गाउँपालिकाको गाउँपालिका पार्श्वचित्र निर्माण सम्पन्न गरिने छ ।
- सामाजिक न्याय, सामाजिक सुरक्षा र सुशासन गुरु योजना निर्माण गरिने छ ।
- पालिकाको डिजिटलाइजेसन गरि डिजिटल लिट्रेसी कार्यक्रम संचालनमा ल्याइने छ ।
- आर्थिक अनुशासन तथा पारदर्शीता कायम गरि सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तरगत कार्यान्वयन गरिने क्रियाकलाप हरुको सामाजिक परिक्षण ,सार्बजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गर्ने र लेखा परिक्षण मार्फत शुन्य बेरुजु, भ्रष्टाचारमा शुन्य सहनशीलता कायम गर्ने निति अबलम्बन गरिनेछ।
- कर्मचारिहरुको कार्यसम्पादन मुल्यांकन गरि कर्मचारीको कार्य दक्षता वृद्धि तथा प्रोत्साहन गर्न पुरुस्कृत गरिने छन ।

## अन्य तर्फः

- पालिकाका गौरवका आयोजनाहरुको निर्माणका लागि सम्भाव्यता अध्ययन गर्न पहल गरिने छ ।
- बैदेशिक रोजगारीमा जाने युवाहरुका लागि पालिका बाटै श्रम स्वीकृति अनलाइन फर्म भर्ने गरि व्यवस्थापन गरिएको छ ।
- बेरोजगार युवाहरुलाई आय आर्जनका सम्भावित श्रोत सामाग्रीको सुचना आदान प्रदान गर्न आवश्यक पहल गरिने छ ।
- गाउँपालिकामा स्तरमा विपद प्रतिकार्य योजना तयार पारि कार्यान्वयनमा ल्याइने छ ।
- सडक संजाल गुरुयोजना निर्माण गरिने छ ।

**उपस्थित महानुभावहरु,**

गाउँपालिकाको बजेट विनियोजनमा योजना तर्जुमा तथा कार्यक्रमहरु छनौट गर्दा योजना प्राथमिकीकरणका लागि त्रिबर्षीय मध्यकालीन खर्च संरचनाको खाका सहितको बजेट तर्जुमा मार्गदर्शन लगायत तपशिलका आधार तथा मापदण्डहरु समेत निर्धारण गरि योजना प्राथमिकिकरण गरिने समेत जानकारी गराउन चाहन्छु।

## योजना प्राथमिकीकरणका आधार तथा मापदण्डहरु

- आर्थिक बिकास र गरिबी न्यूनीकरणमा प्रतक्ष योगदान पुर्याउने,
- उत्पादनमुलक र छिटो प्रतिफल दिने,
- राजस्व परिचालनमा योगदान दिने,
- स्थानीय श्रोत साधनमा र सिपमा आधारित जनसहभागिता अभिवृद्धि गर्ने,
- लैंगिक समानता ,सामाजिक समावेशीकरण अभिवृद्धि गर्ने,
- स्थानीय सस्कृति र पहिचान प्रवर्धन गर्ने,
- दिगो बिकास ,बातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुर्याउने,
- सेवा प्रवाह ,सस्थागत बिकास र शुशासनमा योगदान पुर्याउने,
- जनयुद्ध तथा जन -आन्दोलनबाट प्रभावित क्षेत्र तथा समुदाय लाइ सहयोग पुर्याउने,

अन्तमा मार्मा गाउँपालिकाको यस बाहौं गाउँसभामा **"स्वरोजगार र श्रम पहिचान ,समृद्ध मार्मा निर्माणको अभियान** ले यस गाउँपालिकाको दिर्घकालिन सोचलाई टेवा पुग्नेमा विश्वस्त छु,।

**उपस्थित महानुभावहरु,**

परिवर्तित राज्य व्यवस्था अन्तर्गत नेपालको संबिधानले सिर्जित अधिकारहरु र तिनको कुशल कार्यान्वयनको अभ्यास मार्फत समृद्ध गाउँपालिकाको निर्माणका लागि हामि माझ अवसर र चुनौती हरु उत्तिकै रहेका छन् । यिनै चुनौती हरुको सामना गरि आगाडी बढ्न मार्मा बासि आमजनसमुदायहरु, गाउँपालिकाका क्रियाशील राजनीतिक दलहरु लगायत सरोकारवालाबाट निरन्तर सहयोग ,विस्वास र प्रतिबद्धता समेत सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

साथै स्थानीय सरकार संचालन, निर्माण, आर्थिक सामाजिक, भौतिक तथा मानबिय बिकासका बिबिध पक्षहरुमा योगदान पुर्याउन सहयोग गर्नुहुनेछ भन्ने आशा राख्दै यहा उपस्थित जनप्रतिनिधिहरु ,गैर सरकारी क्षेत्र ,संचार जगत ,राष्ट्रसेवक कर्मचारीहरु ,यस गाउँपालिका बासि जनसमुदायहरु लगायत सम्पूर्ण शुभेच्छुकहरु प्रति हार्दिक आभार व्यक्त गर्दछु।

## धन्यवाद !!!